नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

२०७९/८० (प.का.ए.)
पत्र संख्या :-
चलानी नं. :- ४४८

मितिः२०७९/११/०३

बिषय: सूचना टाँस तथा आवश्यक समन्वय सम्बन्धमा।

श्री बुटवल उपमहानगरपालिका, रुपन्देही
श्री सिद्धार्थनगर नगरपालिका, रुपन्देही
श्री लुम्बिनी सांस्कृतिक नगरपालिका, रुपन्देही
श्री देवदह नगरपालिका, रुपन्देही
श्री सैनामैना नगरपालिका, रुपन्देही
श्री तिलोत्तमा नगरपालिका, रुपन्देही
श्री रोहिणी गाउँपालिका, रुपन्देही
श्री ओमसतिया गाउँपालिका, रुपन्देही
श्री मायादेवी गाउँपालिका, रुपन्देही
श्री सम्मरीमाई गाउँपालिका, रुपन्देही
श्री कोटहीमाई गाउँपालिका, रुपन्देही
श्री मर्चवारी गाउँपालिका, रुपन्देही
श्री सियारी गाउँपालिका, रुपन्देही
श्री सुद्धोधन गाउँपालिका, रुपन्देही
श्री गैडहवा गाउँपालिका, रुपन्देही
श्री कन्चन गाउँपालिका, रुपन्देही

प्रस्तुत बिषयमा यस एकाइको चालु आ. व.२०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सिंचित क्षेत्र विस्तारका लागि डिप ट्युववेल जडान कार्यक्रम संचालन गर्नको लागि रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्ला भित्रका कानुन बमोजिम दर्ता भएका ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समितिहरुलाई न्यूनतम मापदण्ड पुगेको खण्डमा आवश्यक कागजात सहित मिति २०७९ फागुन १५ गते भित्र प्रस्ताव आवेदन पेश गर्न सूचना आव्हान भएको र उक्त सूचना प्रवाहको (सूचनाको छायाँप्रति संलग्न रहेको) लागि तहाँ स्थानिय तहको भूमिका मुख्य हुने हुँदा तहाँ कार्यालय तथा वडा कार्यालयहरुमा सूचना टाँस गरेर आवश्यक सहजीकरण, समन्वय र सहकार्य गरी सो को जानकारी पठाइदिनुहुन अनुरोध छ।

..................
नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत

गैडहवा गाँउपालिका
दर्ता नं ९४६६
दर्ता मिति २०७९/११/०४

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०९१७
०७१-५७०२०१
०७१-५८७००६

Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

डिप टयववेल निर्माण कार्यक्रमको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना।

सूचना नं. २१/२०७९/८०

प्रथम पटक प्रकाशित मिति: २०७९/११/०१

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइको रुपन्देही आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "सिंचित क्षेत्र विस्तारका लागि डिप टयववेल जडान" कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले रुपन्देही र नवलपरासी (ब.सु.प) जिल्ला भित्रका कानुन बमोजिम दर्ता भएका इच्छुक कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समितिले न्युनतम मापदण्ड पुगेको खण्डमा यो सूचना प्रकाशन भएको मितिले १५औ दिन भित्र यस कार्यालयमा निर्धारित ढाँचा अनुसारको प्रस्ताव पेश गर्नुहुनको लागि यसै सूचना मार्फत सबैलाई जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | लक्षय संख्या | स्वीकृत वजेट (रु लाखमा) | कार्यक्रम संचालन हुने | न्युनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १ | सिंचित क्षेत्र विस्तारका लागि डिप टयववेल जडान | १ पटक | ४० | रुपन्देही र नवलपरासी (ब.सु.प) जिल्ला भर (सुपर जोन/जोन क्षेत्र भित्रका संस्थाहरुलाई प्रथमिकता। | • डिप टयववेल जडान हुने स्थानको किटानी विवरण पेश गर्नु पर्ने।<br>• डिप टयववेल जडान हुने जग्गा मध्ये कम्तिमा १० धुर जग्गा समितिलाई उपलब्ध गराउने प्रतिवद्धता एवं कवुलियतनामा पेश गर्नु पर्ने।<br>• डिप टयुवेल कार्यक्रम कानून बमोजिम जलउपभोक्ता समिति दर्ता गरी संचालन गर्ने प्रतिबद्धता पत्र हुनु पर्ने।<br>• डिप टयववेलबाट सिंचाई हुने क्षेत्रफल कम्तिमा ४० हेक्टर हुनु पर्ने(जग्गाको लालपूर्जाको प्रतिलिपि आवश्यक)<br>• डिप टयववेल प्वाईन्ट सम्म मोटरबाटो भएको हुनुपर्ने र सो नभएमा निशुल्क रुपमा जग्गा उपलब्ध गराई मोटरबाटो बनाउन गरिएको कवुलियतनामा पेश गर्नु पर्ने छ।<br>• प्रस्तावित क्षेत्र नजिकै HT Line बिस्तार भएको क्षेत्र हुनुपर्ने।<br>• १५% लागत सहभागिताको प्रतिबद्धता पत्र हुनुपर्ने।<br>• सतह सिचाई नपुगेका र १ कि.मि भित्रमा अन्य डिप बोरिङ्ग जडान नचएको हुनुपर्ने। |

आवश्यक कागजातहरु

१. रु. १० को हुलाक टिकट टाँसेको निर्धारित ढांचाको आवेदन रितपूर्वक भरेको प्रस्ताव माग फारम।
२. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (माछा वा कृषि) को बैठकवाट आवेदन पेश गर्ने निर्णयको प्रतिलिपि।
३. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) को दर्ता प्रमाणपत्रको प्रतिलिपी।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र साथै करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।
५. कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/वन उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)को आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि।
६. ४० हेक्टर सिचाई क्षेत्र विस्तार हुने जमिनको चार किल्ला भित्र पर्ने जग्गाधनीको जग्गाधनी पुर्जाको प्रतिलिपि र नक्सा।
७. १५% लागत सहभागिताको प्रतिबद्धता पत्र।

थप जानकारीको लागि परियोजनाको Website:piurupandehi.pmamp.gov.np फोन नं.०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३६१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ।

नारायण [illegible]
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"